# .नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका, २०७७

पहिलो संशोधनः मिति २०८२।०५।११

प्रस्तावना: मुलुकको समग्र विकास र समुन्नतीको लागि शिक्षालाई राष्ट्रिय महत्व दिई शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति र शैक्षिक क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी तथा शिक्षण संस्थालाई नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक, प्रमाणपत्र, शिल्ड, ध्वजा वा नगद तथा राष्ट्रिय शिक्षा पुरस्कार प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

नेपाल सरकारले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "नेपाल छात्रा विद्यापदक" भन्नाले दफा ६ बमोजिमको नेपाल छात्रा विद्यापदक

(ख) सम्झनु पर्छ ।

(ग) "नेपाल प्रविधि विद्याभूषण" भन्नाले दफा ५ बमोजिमको नेपाल प्रविधि विद्याभूषण सम्झनु पर्छ ।

(घ) "नेपाल विद्याभूषण" भन्नाले दफा ४ बमोजिमको नेपाल विद्याभूषण सम्झनु पर्छ ।

(ङ) "प्रारम्भिक छानविन समिति" भन्नाले दफा १० बमोजिमको प्रारम्भिक छानविन समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले मन्त्रालयबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त सामुदायिक वा सार्वजनिक विद्यालय र अनुदान नपाउने गरी अनुमति

वा स्वीकृति प्राप्त संस्थागत वा निजी एवम् सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालय सम्झनु पर्छ ।

(ज) "विश्वविद्यालय" भन्नाले कानून बमोजिम स्थापना भएका विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालय सरहको प्रतिष्ठान समेतलाई जनाउँछ ।

(झ) "सङ्काय (फ्याकल्टी)" भन्नाले विश्वविद्यालयको सङ्काय वा अध्ययन संस्थान वा स्कूल सम्झनु पर्छ ।

तर विशिष्टीकृत विधाका कार्यक्रमहरू मात्र सञ्चालन गर्ने गरी सञ्चालनमा रहेको प्रतिष्ठानको सम्बन्धमा एउटा प्रतिष्ठानलाई एउटै सङ्काय मानिनेछ ।

(ञ) "सिफारिस समिति" भन्नाले दफा १२ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद- २

## नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण र छात्रा विद्यापदक तथा पुरस्कार सम्बन्धी व्यवस्था

३. विद्याभूषण, विद्यापदक र पुरस्कारको घोषणा: यस निर्देशिका बमोजिमका नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र पुरस्कार नेपाल सरकारले तोकेको दिन घोषणा गरी प्रदान गरिनेछ ।

४. नेपाल विद्याभूषण: (१) विद्यावारिधि वा सो भन्दा माथिको उपाधि प्राप्त गर्ने व्यक्तिलाई "क" श्रेणीको नेपाल विद्याभूषण प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको नेपाल विद्याभूषण पदक गोलाकारमा पचास मिलिमिटर परिधिको षटकोण आकारको हुनेछ । यसको तौल जर्ती बाहेक बयालीस ग्राम शुद्ध चाँदी र त्यसमा *शुन्य दशमलव एक ग्राम सुनको लेपन हुनेछ । यसको अगाडि पट्टिको माथिल्लो भागमा नेपाल विद्याभूषण लेखिएको, त्यसको तल नेपालको नक्सा र सो नक्सा मुनि पदक प्रदान गरिएको साल लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल सरकारको निसाना छाप र सोको मुनि "क" श्रेणी लेखिएको हुनेछ ।

(३) स्नातकोत्तर तहमा नियमित विद्यार्थीको रूपमा अध्ययन गरी उक्त सङ्काय अन्तर्गत विशिष्ट वा प्रथम श्रेणीमा प्रथम हुने वा ग्रेड प्वाइन्ट प्रणाली अन्तर्गत सबै विषय वा पत्रमा गरी समग्रमा सो संकायमा उच्चतम ग्रेड प्वाइन्ट पाउने विद्यार्थीलाई सर्वप्रथम सरह मानी "ख" श्रेणीको नेपाल विद्याभूषण प्रदान गरिनेछ।

* पहिलो संशोधनद्वारा संशोधित

तर त्यस्तो विद्यार्थीको ग्रेड प्वाइन्ट कम्तीमा तीन हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको नेपाल विद्याभूषण पदक गोलाकारमा पैंतालीस मिलिमिटर परिधिक षटकोण आकारको हुनेछ । यसको तौल जर्ती बाहेक एकतीस ग्राम शुद्ध चाँदी र त्यसमा *शून्य दशमलव एक ग्राम सुनको लेपन हुनेछ । यसको अगाडिको माथिल्लो भागमा नेपाल विद्याभूषण लेखिएको, त्यसको मुनि नेपालको नक्सा र सो नक्सा मुनि पदक प्रदान गरिएको साल लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल निसाना छाप र सोको मुनि "ख" श्रेणी लेखिएको हुनेछ ।

(५) स्नातक तहमा नियमित विद्यार्थीको रूपमा अध्ययन गरी सङ्काय वा स्कूल अन्तर्गत विशिष्ट वा प्रथम श्रेणीमा प्रथम हुने वा ग्रेड प्वाइन्ट प्रणाली अन्तर्गत सबै विषय वा पत्रमा गरी समग्रमा उच्चतम ग्रेड प्वाइन्ट पाउने विद्यार्थीलाई सर्वप्रथम सरह मानी "ग" श्रेणीको नेपाल विद्याभूषण प्रदान गरिनेछ ।

तर त्यस्तो विद्यार्थीको ग्रेड प्वाइन्ट कम्तीमा तीन हुनु पर्नेछ ।

(६) विदेशी विश्वविद्यालयको हकमा सम्बन्धित व्यक्तिले अध्ययन गरेको सङ्काय वा स्कूल अन्तर्गत सोही तह र वर्षको परीक्षामा कम्तीमा एकसय जना परीक्षार्थी रहेको व्यहोरा प्रमाणित हुने गरी रजिष्ट्रार वा डीन वा सो सरहको पदाधिकारीबाट हस्ताक्षर गरिएको पत्र समेत आवश्यक हुनेछ ।

(७) उपदफा (५) बमोजिमको नेपाल विद्याभूषण पदक गोलाकारमा चालीस मिलिमिटर परिधिको षटकोण आकारको हुनेछ । यसको तौल जर्ती बाहेक बाईस ग्राम शुद्ध चाँदी र त्यसमा *शून्य दशमलव एक ग्राम सुनको लेपन हुनेछ । यसको अगाडिको माथिल्लो भागमा नेपाल विद्याभूषण लेखिएको, त्यसको मुनि नेपालको नक्सा र सो नक्सा मुनि पदक प्रदान गरिएको साल लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल सरकारको निसाना छाप र सोको मुनि "ग" श्रेणी लेखिएको हुनेछ ।

५. नेपाल प्रविधि विद्याभूषण: (१) विज्ञान तथा प्रविधि, इन्जिनियरिङ्ग, कृषि, पशु विज्ञान, वन विज्ञान र

* पहिलो संशोधनद्वारा संशोधित

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

चिकित्साशास्त्र विधाको स्नातकोत्तर तह वा सोभन्दा माथिल्लो तहमा नेपालसँग सम्बन्धित विषय समावेश भएको र नयाँ प्रविधि विकास हुने तथा सम्बन्धित अध्ययनलाई निरन्तरता दिन वा प्रयोग गर्न सकिने गरी तयार गरिएको सोधपत्रका आधारमा नेपालका विश्वविद्यालयका प्रत्येक संकायका दुईजना विद्यार्थीलाई नेपाल प्रविधि विद्याभूषण प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको नेपाल प्रविधि विद्याभूषण प्राप्त गर्न सम्बन्धित संकायसँग आवद्ध विभागको प्रमुखले विभूषण प्रदान गर्ने अघिल्लो वर्षमा पेश भएका बढीमा दुई जना विद्यार्थीको सोधपत्र सहितको निवेदन सम्बन्धित डीन कार्यालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको नेपाल प्रविधि विद्याभूषणको लागि सिफारिससाथ सम्बन्धित विद्यार्थीको नेपाली नागरिक भए नागरिकताको प्रमाणित प्रतिलिपि, विदेशी नागरिक भए राहदानीको प्रमाणित प्रतिलिपि र अटो साइजको तीन प्रति फोटो संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सिफारिस प्राप्त भएपछि सम्बन्धित डिनले प्राप्त सोधपत्र मूल्याङ्कन गरी नेपाल प्रविधि विद्याभूषणको लागि मन्त्रालयमा सिफारिस गर्न आफ्नो संयोजकत्वमा सोधपत्र पेश गर्ने विभागमा संलग्न नभएका दुई जना प्राध्यापक सहितको सोधपत्र मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको सोधपत्र मूल्याङ्कन समितिले सोधपत्र मूल्याङ्कन गरी नेपाल प्रविधि विद्याभूषण प्रदान गरिनु पर्ने आधार र औचित्य खुलाई सिफारिससाथ सम्बन्धित रजिष्ट्रारको कार्यालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमको नेपाल प्रविधि विद्याभूषण पदक गोलाकारमा पैंतालीस मिलिमिटर परिधिको षटकोण आकारको हुनेछ । यसको तौल जर्ती बाहेक एकतीस ग्राम शुद्ध चाँदी र त्यसमा *शून्य दशमलव एक ग्राम सुनको लेपन हुनेछ। यसको अगाडिको माथिल्लो भागमा नेपाल प्रविधि विद्याभूषण लेखिएको, त्यसको मुनि नेपालको नक्सा र सो नक्सा मुनि पदक प्रदान गरिएको साल लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल सरकारको निसाना छाप हुनेछ।

६. नेपाल छात्रा विद्यापदक: (१) नेपालभित्रका विश्वविद्यालयको स्नातक तहमा नियमित विद्यार्थीको रूपमा अध्ययन गरी प्रत्येक सङ्कायमा सबैभन्दा बढी अङ्क वा ग्रेड प्राप्त गर्ने एक जना छात्रालाई सम्बन्धित परीक्षा नियन्त्रकको सिफारिसमा "क" श्रेणीको नेपाल छात्रा विद्यापदक प्रदान गरिनेछ।

* पहिलो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिमको छात्रा विद्यापदक गोलाकारमा छयालीस मिलिमिटर परिधिको षटकोण आकारको हुनेछ। यसको तौल जर्ती बाहेक तीस ग्राम शुद्ध चाँदी र त्यसमा *शून्य दशमलव एक ग्राम सुनको लेपन हुनेछ। यसको अगाडिको माथिल्लो भागमा नेपाल छात्रा विद्यापदक लेखिएको, त्यसको मुनि नेपालको नक्सा र सो नक्सा मुनि पदक प्रदान गरिएको साल लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल सरकारको निसाना छाप र सोको मुनि "क" श्रेणी लेखिएको हुनेछ ।

(३) नेपालको परीक्षा बोर्डबाट माध्यमिक शिक्षाको कक्षा बाह्र वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट प्रमाणपत्र वा सो सरहको परीक्षामा सबैभन्दा बढी अङ्क वा ग्रेड प्राप्त गर्ने एक जना छात्रालाई सम्बन्धित परीक्षा नियन्त्रकको सिफारिसमा "ख" श्रेणीको नेपाल छात्रा विद्यापदक प्रदान गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको नेपाल छात्रा विद्यापदक गोलाकारमा छयालीस मिलिमिटर परिधिको षटकोण आकारको हुनेछ । यसको तौल जर्ती बाहेक तीस ग्राम शुद्ध चाँदीको हुनेछ। पदकको अगाडि पट्टीको माथिल्लो भागमा नेपाल छात्रा विद्यापदक लेखिएको, त्यसको मुनि नेपालको नक्सा र सो नक्सा मुनि पदक प्रदान गरिएको साल लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल सरकारको निसाना छाप र सोको मुनि "ख" श्रेणी लेखिएको हुनेछ ।

७. छात्रा पुरस्कार: (१) दफा ६ को उपदफा (१) बमोजिम "क" श्रेणीको नेपाल छात्रा विद्यापदक प्राप्त गरेका छात्रालाई स्नातकोत्तर तहमा अध्ययन गर्न मन्त्रालयले एकमुष्ट पचास हजार रुपैयाँको स्नातक उत्कृष्ट छात्रा पुरस्कार प्रदान गर्नेछ ।

(२) दफा ६ को उपदफा (३) बमोजिम "ख" श्रेणीको नेपाल छात्रा विद्यापदक प्राप्त गरेका छात्रालाई स्नातक तहमा अध्ययन गर्न मन्त्रालयले एकमुष्ठ पच्चीस हजार रुपैयाँको माध्यमिक शिक्षा उत्कृष्ट छात्रा पुरस्कार प्रदान गर्नेछ ।

८. निवेदन आह्वान गर्ने: (१) मन्त्रालयले प्रत्येक वर्ष नेपाल विद्याभूषण र नेपाल छात्रा विद्यापदक प्रदान गर्नको लागि पन्ध्र दिनको समय तोकी निवेदन आह्वान गर्नेछ ।

(२) विदेशी नागरिकको हकमा निजले नेपालभित्रको मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययन गरेको भएमा मात्र उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित

(३) नेपाल विद्याभूषण, र नेपाल छात्रा विद्यापदक प्राप्त गर्नका लागि क्रमशः अनुसूची - १ र अनुसूची- २ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

९. <u>निवेदनसाथ संलग्न रहनु पर्ने कागजात:</u> (१) "क" श्रेणीको नेपाल विद्याभूषण प्राप्त गर्नको लागि दिइने निवेदनसाथ देहायका कागजातहरू संलग्न गर्नु पर्नेछ:-

(क) निवेदकको नागरिकता र विदेशी भए राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) विद्यावारिधि वा सो सरह उत्तीर्ण गरेको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) सारांश सहितको सोधपत्र एक प्रति र सोको विधुतीय (पीडिएफमा) प्रति,

(घ) बायोडाटा,

(ङ) मास्टर इन सर्जरी (एम.सी.एच.) वा डक्टर अफ मेडिसिन (डी. एम.) वा सो सरहको उपाधि प्राप्त गर्नेको हकमा सो तह र स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट र कम्तीमा दुई वर्ष नेपालमा काम गरेको अनुभवको प्रमाणित प्रतिलिपि,

(च) अटो साइजको फोटो तीन प्रति ।

(२) "ख" श्रेणीको नेपाल विद्याभूषण प्राप्त गर्नको लागि दिइने निवेदनसाथ देहायका कागजातहरू संलग्न गर्नु पर्नेछ

(क) निवेदकको नागरिकता र विदेशी भए राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) प्रमाणपत्र तह वा कक्षा बाह्र, स्नातक तह र स्नातकोत्तर तहको ट्रान्सक्रिप्टको

(ग) प्रमाणित प्रतिलिपि,

(घ) स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) संकाय (फ्याकल्टी) मा सर्वोत्कृष्ट स्थान खुलेको पत्र,

(च) अटो साइजको फोटो तीन प्रति ।

(३) "ग" श्रेणीको नेपाल विद्याभूषण प्राप्त गर्नको लागि दिइने निवेदनसाथ देहायका कागजातहरू संलग्न गर्नु पर्नेछ:-

(क) निवेदकको नागरिकता र विदेशी भए राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) प्रमाणपत्र तह वा कक्षा बाह्र र स्नातक तहको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपि,

(ग) स्नातक तहको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) संकाय (फ्याकल्टी) मा सर्वोत्कृष्ट स्थान खुलेको पत्र,

(ङ) अटो साइजको फोटो तीन प्रति।

(४) "क" श्रेणीको नेपाल छात्रा विद्यापदक प्राप्त गर्नको लागि दिइने निवेदनसाथ देहायका कागजातहरू संलग्न गर्नु पर्नेछ:-

(क) निवेदकको नागरिकता र विदेशी भए राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) प्रमाणपत्र तह वा कक्षा बाह्र र स्नातक तहको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपि,

(ग) स्नातक तहको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) सम्बन्धित संकाय अन्तर्गत छात्रा तर्फ सर्वोत्कृष्ट स्थान प्राप्त गरेको व्यहोरा खुलाई सम्बन्धित परीक्षा नियन्त्रकबाट प्रदान गरिएको सिफारिस पत्र,

(ङ) अटो साइजको फोटो तीन प्रति ।

(५) "ख" श्रेणीको नेपाल छात्रा विद्यापदक प्राप्त गर्नको लागि दिइने निवेदनसाथ देहायका कागजातहरू संलग्न गर्नु पर्नेछ:-

(क) निवेदकको नागरिकता र विदेशी भए राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) प्रमाणपत्र तह वा कक्षा बाह्र ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा कक्षा बाह्रको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) छात्रा तर्फ सर्वोत्कृष्ट स्थान प्राप्त गरेको व्यहोरा खुलाई सम्बन्धित परीक्षा नियन्त्रकबाट प्रदान गरिएको सिफारिस पत्र,

(ङ) अटो साइजको फोटो तीन प्रति ।

१०. प्रारम्भिक छानविन समिति: (१) दफा ५ बमोजिम भएको सिफारिस तथा दफा ८ बमोजिम पेश भएक निवेदन उपर छानविन गरी नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण र नेपाल छात्रा विद्यापदक प्राप्त गर्न योग्य व्यक्तिको नाम सिफारिस समिति समक्ष पेश गर्न मन्त्रालयमा देहाय बमोजिमको एक प्रारम्भिक छानविन समिति रहनेछ:-

(क) सहसचिव, उच्च शिक्षा महाशाखा, मन्त्रालय -संयोजक

(ख) ) विश्वविद्यालयका पाठ्यक्रम निर्माण तथा कार्यान्वयनसँग सम्बन्धित व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिलासहित तीन जना - सदस्य

(ग) पाठ्यक्रम र प्रमाणपत्र सम्बन्धी कार्य अनुभव भएका विज्ञ र विश्वविद्यालयका परीक्षा नियन्त्रकहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिलासहित तीन जना सदस्य

(घ) उपसचिव, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(ङ) उपसचिव, उच्च शिक्षा शाखा, मन्त्रालय सदस्य-सचिव

(२) प्रारम्भिक छानविन समितिको बैठक संयोजकको निर्देशनमा आवश्यकता अनुसार सदस्य-सचिवले बोलाउनेछ ।

(३) प्रारम्भिक छानविन समितिले आवश्यकता अनुसार विषयसँग सम्बन्धित विज्ञ वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) प्रारम्भिक छानविन समितिको संयोजक, सदस्य र आमन्त्रित सदस्यले अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता पाउनेछ ।

(५) प्रारम्भिक छानविन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>प्रारम्भिक छानविन समितिको काम, कर्तव्य र अधिकार</u>: प्रारम्भिक छानविन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ८ र ९ बमोजिम नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदकका लागि प्राप्त निवेदन र कागजात छानविन गर्ने,

(ख) दफा ५ बमोजिम नेपाल प्रविधि विद्याभूषणका लागि प्राप्त सिफारिस अध्ययन गर्ने,

(ग) नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र छात्रा पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिहरूको नाम सिफारिस समिति समक्ष पेश गर्ने,

(घ) कुनै निवेदनका सम्बन्धमा निर्णय गर्न दुविधा भएमा कैफियत खुलाई निर्णयका लागि सिफारिस समिति समक्ष पेश गर्ने,

(ङ) सिफारिस समितिले दिएको निर्देशन बमोजिम अन्य काम गर्ने ।

१२. <u>सिफारिस समिति:</u> (१) प्रारम्भिक छानविन समितिले पेश गरेका नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र छात्रा पुरस्कार प्राप्त गर्ने व्यक्तिहरूको नाम छानविन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ:-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) प्रारम्भिक छानविन समितिका संयोजक - सदस्य

(ग) पाठ्यक्रम र प्रमाणपत्र सम्बन्धी कार्य अनुभव भएका विज्ञमध्येबाट मन्त्रालयबाट मनोनीत एकजना - सदस्य

(२) सिफारिस समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) सिफारिस समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) सिफारिस समितिका सदस्य तथा आमन्त्रित सदस्यले अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता पाउनेछन् ।

(५) सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकार:</u> सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रारम्भिक छानविन समितिबाट सिफारिस हुन नसकेका निवेदनहरूका सम्बन्धमा आवश्यक निर्णय लिने,

(ख) नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र छात्रा पुरस्कार पाउने व्यक्तिको नाम मन्त्रालयमा सिफारिस गर्ने,

(ग) पदक वितरण सम्बन्धी सूचना प्रकाशन गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(घ) अन्य आवश्यक कार्य गर्ने ।

१४. <u>पदक पाउनेको व्यक्तिको नामावली स्वीकृतिः</u> सिफारिस समितिले पेश गरेको व्यक्तिको नामावली मन्त्रालयले स्वीकृत गर्नेछ। त्यसरी स्वीकृत भएका व्यक्तिहरूले नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र छात्रा पुरस्कार प्राप्त गर्ने छन्।

१५. <u>सचिवालयको रूपमा काम गर्ने:</u> मन्त्रालयको उच्च शिक्षा हेर्ने शाखाले प्रारम्भिक छानविन समिति तथा सिफारिस समितिको सचिवालयको रूपमा काम गर्नेछ ।

## परिच्छेद- ३

## <u>राष्ट्रिय पुरस्कार, शिल्ड तथा नगद</u>

१६. <u>उत्कृष्ट क्याम्पस राष्ट्रिय पुरस्कार</u> :(१) प्रत्येक वर्ष विश्वविद्यालयका आङ्गिक सम्बन्धन प्राप्त सामुदायिक र निजी क्षेत्रका एक एक वटा क्याम्पसलाई उत्कृष्ट क्याम्पस राष्ट्रिय पुरस्कार प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको क्याम्पस छनौट गरी सिफारिस गर्न देहाय बमोजिमको उत्कृष्ट क्याम्पस सिफारिस समिति रहनेछः-

(क) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग - संयोजक

(ख) सहसचिव, उच्च शिक्षा महाशाखा, मन्त्रालय -सदस्य

(ग) सबै विश्वविद्यालयका एक, एक जना प्रतिनिधि -सदस्य

(घ) विश्वविद्यालय अनुदान आयोगको अध्यक्षले तोकेको सो अयोगको वरिष्ठ अधिकृत -सदस्य-सचिव

(३) उत्कृष्ट क्याम्पस सिफारिस समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) उत्कृष्ट क्याम्पस सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम उत्कृष्ट क्याम्पस छनौटका लागि सबै विश्वविद्यालय अन्तर्गका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसले आफ्नो दावी सहित विश्वविद्यालय अनुदान आयोगमा सो आयोगले तोकेको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम दिएको निवेदन र निवेदनसाथ प्राप्त कागजात सहितका विवरण छानविन गरी उत्कृष्ट क्याम्पस सिफारिस समितले आङ्गिक सम्बन्धन प्राप्त सामुदायिक तथा निजी क्याम्पसको छुट्टाछुट्टै सिफारिस गर्नु पर्नेछ ।

(७) उत्कृष्ट क्याम्पस सिफारिस समितिको सचिवालय विश्वविद्यालय अनुदान आयोगमा रहनेछ ।

१७. विद्यालय तथा प्राविधिक शिक्षालयलाई राष्ट्रिय शिल्ड, प्रमाणपत्र र नगद पुरस्कारः (१) सार्वजनिक विद्यालयमध्येबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राप्त गरेको नतिजाका अधारमा राष्ट्रिय स्तरमा प्रथम, द्वितीय र तृतीय हुने माध्यमिक विद्यालयलाई राष्ट्रिय शिल्ड, ध्वजा, प्रमाणपत्र तथा क्रमशः तीन लाख, दुई लाख र एक लाख रुपैयाँका दरले नगद पुरस्कार दिइनेछ ।

(२) निजी विद्यालयमध्येबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा प्राप्त गरेको नतिजाका अधारमा राष्ट्रिय स्तरमा प्रथम, द्वितीय र तृतीय हुने माध्यमिक विद्यालयलाई राष्ट्रिय शिल्ड, ध्वजा, प्रमाणपत्र तथा क्रमशः तीन लाख, दुई लाख र एक लाख रुपैयाँका दरले नगद पुरस्कार दिइनेछ।

(३) प्राविधिक शिक्षालयको गुणस्तर तथा क्रियाकलाप राम्रो भएका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सञ्चालन गरिएको परीक्षा समेतका आधारमा सर्वोत्कृष्ट नतिजा ल्याउने प्राविधिक शिक्षालयलाई परिषद्ले गरेको मूल्याङ्कन तथा सिफारिसको आधारमा शिल्ड, ध्वजा, प्रमाणपत्र तथा सो परिषद्ले तोके बमोजिमको नगद पुरस्कार दिन सकिनेछ ।

१८. उत्कृष्ट क्याम्पस, विद्यालय र प्राविधिक शिक्षालय छनौटका आधार: उत्कृष्ट क्याम्पस, विद्यालय र प्राविधिक शिक्षालय छनौटका आधार अनुसूची- ३ बमोजिम हुनेछ ।

१९. समाज कल्याण शिक्षा पुरस्कारः (१) सडक बालबालिका, एच.आई.भी. एड्स सङ्क्रमितका सन्तान, विपन्न, अनाथ, अशक्त तथा असहाय बालबालिकाहरूलाई पालनपोषण सहित शिक्षा प्रदान गरी राष्ट्रिय स्तरमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्ति वा संघ संस्थामध्येबाट मन्त्रालयले मापदण्ड स्वीकृत गरी सोको आधारमा बढीमा पाँच वटासम्मलाई छनौट गरी प्रशंसापत्र सहित अधिकतम पाँच लाख रुपैयाँसम्मको रकमका दरले नगद पुरस्कार दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुरस्कार प्राप्त गरेको व्यक्ति वा संघ संस्थालाई पाँच वर्षसम्म पुनः पुरस्कृत गरिने छैन ।

२०. *राष्ट्रिय शिक्षा पुरस्कारः (१) प्रत्येक वर्ष शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका विश्वविद्यालय तथा विद्यालयका शिक्षक, विभिन्न शिक्षालयका प्रशिक्षक, विद्यालयका कर्मचारी, विद्यालय व्यवस्थापन समिति, कलेज सञ्चालक समिति, नगर/गाँउ शिक्षा समितिका पदाधिकारी, स्थानीय, प्रदेश र संघीय सेवाको शिक्षा सेवामा काम गर्ने कर्मचारी, शिक्षा क्षेत्रमा गठित आयोग/समिति/कार्यदलका पदाधिकारी, विद्यालय सहयोगी, बालविकास सहजकर्ता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षाविद, चन्दा दाता र शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई मन्त्रालयले राष्ट्रिय शिक्षा पुरस्कार स्वरुप पदक तथा प्रमाणपत्रद्वारा पुरस्कृत गर्न सक्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयका शिक्षक र कर्मचारी पुरस्कृत गर्न विश्वविद्यालय अनुदान आयोगले विभिन्न विश्वविद्यालयका प्राध्यापक र कर्मचारीमध्येबाट बढीमा बिस जनाको नामावली मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विद्यालयका शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई पुरस्कृत गर्न प्रदेशको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयले देहाय बमोजिमको सङ्ख्यामा नाम मन्त्रालयमा सिफारिस गर्नुपर्नेछः-

(क) सामुदायिक विद्यालयका शिक्षकमध्येबाट प्रत्येक जिल्लाबाट एक जना,

(ख) प्रदेशभरका निजी लगानीका विद्यालयका शिक्षक, कर्मचारी र संस्थापकमध्येबाट बढीमा तीन जना,

(ग) विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रारम्भिक बालविकास तथा शिक्षा सहजकर्तामध्येबाट बढीमा तीन जना ।

(४) उपदफा (१) बमोजिम प्राविधिक विद्यालयका प्रशिक्षक र कर्मचारी पुरस्कृत गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले विभिन्न शिक्षालयका प्रशिक्षक र कर्मचारीमध्येबाट बढीमा पाँच जनाको नाम मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (२), (३) र (४) बमोजिम प्राध्यापक, शिक्षक, प्रशिक्षक, कर्मचारी र पदाधिकारीको छनौट अनुसूची-४ बमोजिमका आधारमा गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम जिल्ला स्थित शिक्षक, कर्मचारी, विद्यालय सहयोगी, बालविकास सहजकर्ता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षाविद, चन्दा दाता, तथा स्थानीय तहमा कार्यरत शिक्षा तर्फका कर्मचारीलाई पुरस्कृत गर्न शिक्षा विकास तथा समन्वय इकाइले लैङ्गिक सन्तुलन हुने गरी हरेक जिल्लाबाट बढीमा दुई जनाको नाम मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम कलेज सञ्चालक समितिका पदाधिकारी, नगर/गाँउ शिक्षा समितिका पदाधिकारी, शिक्षा सेवामा काम गर्ने कर्मचारी, शिक्षा क्षेत्रमा गठित आयोग/समिति/कार्यदलका पदाधिकारी, शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट सबै प्रदेशको प्रतिनिधित्व हुने गरी बढिमा उन्नाईस जना व्यक्तिलाई मन्त्रालयले राष्ट्रिय शिक्षा पुरस्कार स्वरुप प्रमाणपत्रद्वारा पुरस्कृत गर्न सक्नेछ ।

(८) उपदफा (६) बमोजिम सिफारिस भई आएका र उपदफा (७) बमोजिमका व्यक्तिको छनौटको आधार सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(९) उपदफा (६) बमोजिम सिफारिस भई आएका व्यक्तिमध्ये मन्त्रालयले छनौट गरेका चौध जनालाई शिक्षा पुरस्कार स्वरुप प्रमाणपत्रद्वारा पुरस्कृत गरिनेछ ।

परिच्छेद- ४

विविध

२१. बाधा अड्काउ फुकाउन सक्ने: यस निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२२. खारेजी र बचाउ : (१) राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा प्रदान गरिने पदक तथा छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची -१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित )

नेपाल विद्याभूषण पदकका लागि दिइने निवेदनको ढाँचा

श्री ....................................मन्त्रालय

उच्च शिक्षा शाखा

सिंहदरवार, काठमाडौं, नेपाल ।

विषयः नेपाल विद्याभूषण "क" श्रेणी/"ख" श्रेणी/ "ग" श्रेणीको पदक पाउँ ।

त्यस मन्त्रालयबाट मिति .........................मा प्रकाशित सूचना अनुसारको नेपाल विद्याभूषण "क" श्रेणी/ "ख" श्रेणी /"ग" श्रेणीको नेपाल विद्याभूषण पाउनको लागि योग्य भएकोले देहाय बमोजिमको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. निवेदकको नाम, थरः

(क) नेपालीमाः

(ख) अंग्रेजीमाः

२. ठेगानाः

(क) स्थायीः जिल्ला.............................. न.पा/गा.पा. ......................................वडा नं......

(ख) सम्पर्क ठेगानाः

(ग) टेलिफोन नं.: मोवाइल नं.

(घ) इमेल :-

३. प्राप्त उपाधिको नामः

(क) नेपालीमाः

(ख) अंग्रेजीमा :

४. उपाधिको मूल विषय

५. उपाधि प्राप्त गरेको सालः

६.दीक्षान्त समारोह भएको मिति : (सन.................... वि.स...............

७. उपाधि प्रदान गर्ने विश्वविद्यालय/संस्थाको नाम (नेपालीमा):

८. यस अघि विद्याभूषण पदक प्राप्त गरेको भए:

(क) श्रेणीः क ख ग

(ख) साल ............. ......................... ......................

९. संलग्न कागजात पत्र थान :

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

(निवेदकको हस्ताक्षर)

पूरा नाम, थर :

मिति :

पुनश्चः फाराम बुझाउने समयमा सक्कल प्रमाणपत्र अनिवार्य रूपमा देखाउनु पर्नेछ र प्रमाणपत्रहरूको प्रमाणित गर्ने काम पनि सोही ठाउँबाट गरिनेछ ।

अनुसूची- २

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

<u>नेपाल छात्रा विद्यापदकका लागि निवेदनको ढाँचा</u>

श्री ...........................मन्त्रालय

उच्च शिक्षा शाखा

सिंहदरवार, काठमाडौं, नेपाल ।

विषयः नेपाल छात्रा विद्यापदक "क" श्रेणी / "ख" श्रेणीका लागि निवेदन गरेको सम्बन्धमा ।

त्यस मन्त्रालयबाट मिति २०................. मा प्रकाशित सूचना अनुसार म ...................विश्वविद्यालय /प्रतिष्ठान / बोर्ड परिषद् ....... . को ..... सङ्काय/अध्ययन संस्थान / स्कूल अन्तर्गत २०..... सालको वार्षिक परीक्षामा छात्रा तर्फ सबैभन्दा बढी अंक/ग्रेड प्राप्त गरी प्रथम भएको हुँदा नेपाल छात्रा विद्यापदक "क" श्रेणी / नेपाल छात्रा विद्यापदक "ख" श्रेणीको नेपाल छात्रा विद्यापदक पाउन यो निवेदन पेश गरेको छु ।

१. निवेदकको नाम, थरः

(क) नेपालीमाः

(ख) अंग्रेजीमा :

२. ठेगानाः

(क) स्थायीः जिल्ला.................................न.पा/गा.पा........................................वडा नं.......

(ख) सम्पर्क ठेगानाः (ग) टेलिफोन नं.

(घ) मोबाइल नं.

३. अध्ययन गरेको शिक्षण संस्थाः

(क) विश्वविद्यालय/प्रतिष्ठान/बोर्ड/परिषद्को नामः-

(ख) अध्ययन गरेको सङ्काय/अध्ययन संस्थान/स्कूलको नामः-

(ग) कलेज/क्याम्पस/शिक्षालय/विद्यालयको नाम : -

४. संलग्न कागजातः

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नामः

दस्तखतः

मितिः

सम्पर्क फोन नं. .......................... मो.नं. ..................................

पुनश्चः फाराम बुझाउने समयमा सक्कल प्रमाणपत्र अनिवार्य रूपमा देखाउनु पर्नेछ र प्रमाणपत्रहरूको प्रमाणित गर्ने काम पनि सोही ठाउँबाट गरिनेछ ।

अनुसूची - ३

(दफा १८ सँग सम्बन्धित )

उत्कृष्ट क्याम्पस, विद्यालय र प्राविधिक शिक्षालय छनौटका आधार

(क) उत्कृष्ट क्याम्पस छनौटका आधारः

| No. | **Description of the Indicator** | **Indicator Mark** | **Sub-Indicator Mark** | **Sub-Sub-Indicator Mark** | **Achievement Marking Scheme** |
|---|---|---|---|---|---|
| 1 | **Physical Facilities** | **10** | | | |
| 1.1 | *Adequacy* of *number of classrooms and laboratories (if applicable) for enrolment* | | 5 | | |
| a | *No* shortfall | | | | 5 |
| b | Shortfall by up to 20% | | | | 3 |
| c | Shortfall of over 20% but less than **30%** | | | | 2 |
| d | Shortfall of 30% or more | | | | 0 |
| e | Surplus of up to 20% surplus | | | | 5 |
| f | Surplus of over 20% but less than 30% | | | | 3 |
| g | Surplus of over 30% but less than 50% | | | | 2 |
| h | Surplus over 50% | | | | 0 |
| 1.2 | *Number of books issued per student per year* | | 3 | | |
| a | >10 | | | | 3 |
| b | >5 to 10 | | | | 2 |
| c | >2 to 5 | | | | 1 |
| d | 2 or less | | | | 0 |
| 1.3 | *Number of* computers *per 100 students* | | 2 | | |
| a | >5 | | | | 2 |
| b | >3 to 5 | | | | 1 |
| c | 3 or less | | | | 0 |
| **2** | **Level-wise Student Pass Rate** | **25** | | | |
| 2.1 | **Pass rate at master' s level** | | 7 | | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| 2.1.1 | Number passed as % of number appeared in exam | | | 4 | |
| a | <20% | | | | 0 |
| b | 20% to 40% | | | | 1 |
| c | >40% to 60% | | | | 2 |
| d | >60% to 80% | | | | 3 |
| e | >80% | | | | 4 |
| 2.1.2 | Exam appeared as % of admitted (for campuses enforcing admission deadline) | | | 3 | |
| a | >90% | | | | 3 |
| b | >80% to 90% | | | | 2 |
| c | >60% to 80% | | | | 1 |
| d | 60% or less | | | | 0 |
| 2.2 | **Pass rate at bachelor' s level** | | **18** | | |
| 2.2.1 | Number of students passed as % of number of students appeared in exam | | | 10 | |
| a | >20% | | | | 0 |
| b | 20% to 40% | | | | 4 |
| c | >40% to 60% | | | | 6 |
| d | >60% to 80% | | | | 8 |
| e | >80% | | | | 10 |
| 2.2.2 | Exam appeared as % of admitted (for only campuses enforcing admission deadline) | | | 8 | |
| a | >90% | | | | 8 |
| b | >80% to 90% | | | | 6 |
| C | >60% to 80% | | | | 4 |
| d | 60% or less | | | | 0 |
| 3 | **Innovative Work** | **20** | | | |
| 3.1 | QAA | | 5 | | |
| a | Accredited | | | | 5 |
| b | QAA cycle completed | | | | 2 |
| 3.2 | Tracer studies | | 5 | | |
| a | Tracer studies report disclosed publicly | | | | 2 |
| b | Tracer studies report disclosed publicly including percentage of graduates self/employed or admitted for further study within predefined duration | | | | 5 |
| 3.3 | Non-credit courses offered to enhance program relevance | | 1.5 | | |
| 3.4 | Campus academic calendar published and enforced if different from that of affiliating university | | 2 | | |
| 3.5 | Collaboration with employers | | 1 | | |
| 3.6 | Publication of peer reviewed journal | | 2 | | |
| 3.7 | Merit-based admission enforced | | 2.5 | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 3.8 | Any innovative work that has helped enhancing quality of education | | 1 | | |
| 4 | **Research, Publication & Qualification** | **20** | | | |
| 4.1 | Number of publications in indexed peer reviewed journals | | 10 | | |
| a | More than 1 for 50 full time faculty | | | | 4 |
| b | More than 3 for 50 full time faculty | | | | 6 |
| c | More than 6 for 50 full time faculty | | | | 8 |
| d | More than 10 for 50 full time faculty | | | | 10 |
| 4.2 | Number of publications in peer reviewed journals | | 5 | | |
| a | More than 1 for 50 full time faculty | | | | 2 |
| b | More than 2 for 50 full time faculty | | | | 3 |
| c | More than 4 for 50 full time faculty | | | | 4 |
| d | More than 7 for 50 full time faculty | | | | 5 |
| 4.3 | Qualification of teaching staff | | 5 | | |
| 4.3.1 | Percentage of full time teaching staff | | | 1.5 | |
| a | >= 50% and <75% full time teaching staff | | | | 0.5 |
| b | >= 75% and <100% full time teaching staff | | | | 0.75 |
| c | = 100% full time teaching staff | | | | 1.5 |
| 4.3.2 | Percentage of full time teaching staff holding M.Phil/PhD degree | | | 3.5 | |
| a | >= 70% | | | | 3.5 |
| b | >= 40% and <70% | | | | 2.5 |
| c | >10% and **<40**% | | | | 1.5 |
| d | <=10% | | | | 0.5 |
| 4.3.3 | Percentage of part time teaching staff holding M.Phil/PhD degree | | | 1.5 | |
| a | >= 70% | | | | 1.5 |
| b | >=40% and <70% | | | | 1 |
| c | >=10**%** and <40% | | | | 0.75 |
| d | <=10% | | | | 0.5 |
| 5 | **Administrative and Financial Management** | **20** | | | |
| 5.1 | Publication of annual report | | 4 | | |
| a | Excellent (good coverage and quality) | | | | 4 |
| b | Good (poor coverage and quality) | | | | 2 |
| 5.2 | Quality of website | | 4 | | |
| a | Excellent (good coverage and regular updating) | | | | 4 |
| b | Good (poor coverage and/or irregular updating) | | | | 2 |
| 5.3 | Audit report for the due year completed on time | | 4 | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 5.4 | Duly formed management body formed within the due date and met as prescribed during the last fiscal year | | 4 | | |
| a | Number of meetings as prescribed or more | | | | 4 |
| b | Number of meetings less than prescribed | | | | 2 |
| 5.5 | Percentage of graduates available *for* last one year as compared to enrollment | | 4 | | |
| a | >=75% | | | | 4 |
| b | >=50% and <75% | | | | 3 |
| c | >=25 and <50% | | | | 2 |
| d | <25% | | | | 1 |
| 6 | **Enrollment** | **5** | | | |
| a | Last date of admission prescribed and enforced or university registration completed by due date | | | | 5 |
| b | Last date of admission not enforced and university registration not completed by due date | | | | 2 |
| **Total** | | **100** | | | |

(ख) विद्यालय छनौटका आधार:

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को परीक्षामा कम्तीमा पचास जना विद्यार्थी सहभागी भएको विद्यालयको परीक्षाफललाई देहायका आधारमा गणना गरी राष्ट्रिय परीक्षा बोर्डले विद्यालयको अङ्क निकाल्ने । त्यसरी प्राप्त गरेको अङ्कको आधारमा सर्वोत्कृष्ट अङ्क ल्याउने विद्यालय छनौट गर्ने ।

$$\sum \frac{(\text{GPA x No. of students obtaining GPA})}{(\text{Total number of appeared students x 4})}$$

Where,

GPA=GPA obtained students

No. of students obtaining GPA = No. of students obtaining similar GPA

Total no. of appeared students = Total No. of students appeared in class 12.

(ग) प्राविधिक शिक्षालय छनौटका आधार:

(अ) प्रत्येक प्रदेशबाट परिषद्का आङ्गिक र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेका शिक्षालय छनौट गर्ने,

(आ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट गरिएको अनुगमन सुपरिवेक्षण प्रतिवेदनको

आधारमा उत्कृष्ट अङ्क ल्याएको,

(इ) अघिल्लो शैक्षिक सत्रमा प्रकाशित डिप्लोमा तथा प्रमाणपत्र तहको अन्तिम नतिजामा औषतमा उच्चतम् अङ्क प्राप्त गरेको,

(ई) खण्ड (आ) र (इ) को योगफलको आधारमा उत्कृष्ट ठहरिएको शिक्षालयलाई छनौट गरी सिफारिस गर्ने ।

अनुसूची-४

(दफा २० को उपदफा (५) सँग सम्बन्धित )

<u>प्राध्यापक, शिक्षक, प्रशिक्षक, कर्मचारी र पदाधिकारी छनौटका आधार</u>

१. विश्वविद्यालय र अन्तर्गतका प्राध्यापक र कर्मचारी छनौटका आधारः

(क) प्राध्यापकः

(अ) प्राध्यापन गरेको विषयमा विद्यार्थीको उत्तीर्ण दर

(आ) अनुसन्धान तथा लेखन कार्य,

(इ) प्रवर्द्धनात्मक कार्य,

(ई) कार्य सम्पादन स्तर,

(उ) सेवा अवधि ।

(ख) कर्मचारीः

(अ) कार्य सम्पादन स्तर,

(आ) विश्वविद्यालय वा क्याम्पसमा उपस्थित दिन,

(इ) कार्यालय व्यवस्थापन तथा निर्वाह गरेको भूमिका,

(ई) सेवा अवधि ।

२. विद्यालयका शिक्षक र कर्मचारी छनौटका आधारः

(क) शिक्षकः

(अ) जुन तह र विषयको शिक्षक हो सोही तह र विषयमा अध्यापन गरेका कक्षाहरुमध्ये सबभन्दा माथिल्लो तहका विद्यार्थीहरूको अन्तिम परीक्षाको नतिजा,

(आ) पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिन,

(इ) अध्यापन गरेको विषयमा गरेको अनुसन्धान प्रतिवेदन,

तर त्यस्तो अनुसन्धान प्रतिवेदन शिक्षकले कार्य सम्पादन मूल्याङ्कन फारम भर्दा पेश गरेको हुनु पर्नेछ ।

(ई) सेवा अवधि (स्थायी र अस्थायी) ।

(ख) कर्मचारी:

(अ) अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिन,

(आ) विद्यालय सेवा अवधि,

(इ) राम्रो आचरण भएको भनी विद्यालय व्यवस्थापन समितिले गरेको सिफारिस ।

(ग) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी:

(अ) विद्यालयको समग्र नतिजा स्थानीय तहभित्र तुलनात्मक रुपमा राम्रो रहेको,

(आ) व्यवस्थापन समितिको बैठकको नियमितता विद्यालय सञ्चालन र व्यास्थापनमा क्रियाशिलता राम्रो रहेको भनि स्थानीय तहले गरेको सिफारिस ।

३. प्राविधिक शिक्षालयका प्रशिक्षक र कर्मचारी छनौटका आधार:

(क) प्रशिक्षक:

(अ) प्रशिक्षण गरेको विषयमा विद्यार्थीको उत्तीर्ण दर,

(आ) अनुसन्धान तथा लेखन कार्य,

(इ) प्रवर्द्धनात्मक कार्य,

(ई) कार्य सम्पादन स्तर,

(उ) सेवा अवधि ।

(ख) कर्मचारी:

(अ) कार्य सम्पादन स्तर,

(आ) प्राविधिक शिक्षालयमा उपस्थित दिन,

(इ) शिक्षालय व्यवस्थापन तथा निर्वाह गरेको भूमिका,

(ई) सेवा अवधि ।